आकाशवाणी हो।

समाचार अबिगेल राईबाट सुन्नुहोस्।

January 19th, 2025 Sunday

प्रमुख समाचार:

- वैज्ञानिकहरूको सहयोगमा अन्तरिक्ष प्रविधिको क्षेत्रमा नयाँ मापदण्डहरू स्थापित भइरहेको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भनाइ
- प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा एनडीआरएफको स्थापना दिवसको अवसरमा बहादुर कर्मचारीहरूको साहस, समर्पण र नि:स्वार्थ सेवाको प्रशंसा
- इजरायल र हमास बीचको अस्थायी युद्धविराम आज तीन घण्टा ढिलो सुरु
- डाक विभागले भारतीय संविधान लागू भएको ७५ वर्षको स्मरणमा भोलिदेखि नयाँ दिल्लीमा तीन दिने समारोह आयोजना गर्दै
- नयाँदिल्लीमा जारी खो-खो विश्वकपको फाइनलमा आज भारतका पुरुष तथा महिला टोलीले प्रतिस्पर्धा गर्दै
- अनि भारतका रोहन बोपन्ना र चीनका शुआई झाङ अस्ट्रेलियन ओपन टेनिस प्रतियोगिताको मिश्रित युगलको क्वार्टरफाइनलमा पुग्न सफल

PM Mann Ki Baat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले वैज्ञानिकहरूको सहयोगमा अन्तरिक्ष प्रविधिको क्षेत्रमा नयाँ मापदण्डहरू स्थापित भइरहेको बताउनुभएको छ। यसले भविष्यका चुनौतीहरूको समाधान प्रदान गर्ने उहाँको भनाइ छ। आज आकाशवाणीबाट मन की बात कार्यक्रमको 118 औँ श्रृंखलामा उहाँले अन्तरिक्षको क्षेत्रमा देशको हालैका उपलब्धिहरूको प्रशंसा गर्नुभयो । प्रधानमन्त्रीले देशवासीलाई ७५औँ गणतन्त्र दिवसको अग्रिम शुभकामना पनि दिनुभएको छ। प्रधानमन्त्रीले २५ जनवरीमा

मनाइने राष्ट्रिय मतदाता दिवसको महत्वबारे पनि चर्चा गर्नुभएको थियो। उत्तर प्रदेशको प्रयागराजमा चलिरहेको कुम्भ मेलाको प्रसङ्ग उल्लेख गर्दै प्रधानमन्त्रीले यसलाई समानता र सद्भावको असाधारण संगमको संज्ञा दिनुभयो। नेताजी सुभाषचन्द्र बोसको योगदानको स्मरण गर्दै प्रधानमन्त्रीले जनवरी २३ मा नेताजीको जन्मजयन्तीलाई पराक्रम दिवसको रूपमा मनाइने बताउनुभयो ।

PM - NDRF

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले एनडीआरएफ अर्थात् राष्ट्रिय विपद् प्रतिक्रिया बलको स्थापना दिवसको अवसरमा बहादुर कर्मचारीहरूलाई नमन गर्नुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले एनडीआरएफका बहादुर कर्मचारीहरूको साहस, समर्पण र नि:स्वार्थ सेवाको प्रशंसा गर्दै जीवन बचाउन, विपद्को सामना गर्न र आपतकालिन अवस्थामा सुरक्षा सुनिश्चित गर्न उनीहरूले देखाउने अटल प्रतिबद्धता साँच्चै सराहनीय छ भन्नुभयो। एनडीआरएफले विपद् प्रतिक्रिया र व्यवस्थापनमा विश्वव्यापी मापदण्ड तय गरेको प्रधानमन्त्रीले बताउनुभयो।

Amit Shah – Andhra Pradesh

केन्द्रीय गृह मन्त्री श्री अमित शाहले आज आन्ध्र प्रदेशको विजयवाडामा राष्ट्रिय विपद् प्रतिक्रिया बल - NDRF को 20 औं स्थापना दिवस समारोहमा भाग लिनुभयो । सो अवसरमा गृहमन्त्रीले कृष्णभिलको कोंडापौलुरुमा राष्ट्रिय विपद् व्यवस्थापन संस्थान–एनआईडीएमको दक्षिणी क्याम्पसको पनि उद्घाटन गर्नुभयो । गृहमन्त्रीले आन्ध्र प्रदेशको विकासको लागि केन्द्र सरकारले सबै सहयोग गर्ने बताउनुभयो।

Mahakumbh – Fire

प्रयागराजको महाकुम्भ मेला क्षेत्रको सेक्टर १९ मा आज आगलागी भएको खबर छ। यस घटनामा एक जना घाइते भएको र उनलाई अस्पताल पठाइएको बताइएको छ। महाकुम्भ–२०२५ को सामाजिक सञ्जाल पोष्टमा यस सम्बन्धमा एउटा भिडियो साझा गरिएको छ। प्रशासनले राहत र उद्धार कार्य सुनिश्चित गरिरहेको छ।

Ashwini - Dawes

सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णव स्विट्जरल्याण्डको डाउसमा भोलिदेखि सुरु हुने विश्व आर्थिक मञ्च २०२५ मा सहभागी हुनुहुनेछ। कार्यक्रममा श्री वैष्णवले देशको विकास मोडेलको रूपरेखा प्रस्तुत गर्नु हुनेछ।। श्री वैष्णवले समाजका सबै वर्ग र विशेष गरी पिछडिएका वर्गहरूको विकास सुनिश्चित गर्न देशमा धेरै कदम चालिएको बताउनुभयो।

Postal - 75 years of Constitution

डाक विभागले भारतीय संविधान लागू भएको ७५ वर्षको स्मरणमा भोलिदेखि नयाँ दिल्लीमा तीन दिने समारोह आयोजना गर्ने भएको छ। समारोह राष्ट्रिय डाक टिकट संग्रहालयमा हुनेछ र धेरै गतिविधिहरू आयोजना गरिनेछ। जसमा प्रदर्शनी, प्रश्न-उत्तर, हुलाक सफारी र पत्र लेखन प्रतियोगिता हुनेछ। यो कार्यक्रम सबै उमेर समूहका मानिसहरूका लागि खुल्ला हुनेछ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ.... Signature Tune

Gaza Ceasefire

इजरायल र हमास बीचको अस्थायी युद्धविराम आज तीन घण्टा ढिलो सुरु भएको छ। यसलाई यस क्षेत्रमा जारी हिंसा कम गर्ने दिशामा महत्वपूर्ण कदम मानिएको छ। मध्यस्थकर्ता कतारले युद्धविराम सुरु भएको पुष्टि गरेको छ । इजरायलले हमासबाट तीन बन्दीहरूको नाम प्राप्त गरेको बताएको छ जसलाई सम्झौता लागू भएको पहिलो दिन रिहा गरिने छ। इजरायलका प्रधानमन्त्रीले सामाजिक सञ्जाल पोस्टमा आफूले सम्झौताअनुसार रिहा हुने बन्दीहरूको सूची प्राप्त गरेको बताउनुभएको छ। इजरायली प्रधानमन्त्री श्री बेन्जामिन नेतान्याहुको कार्यालयले पनि अन्य चार महिला बन्दीलाई सात दिनभित्र रिहा गर्न सकिने बताएको छ। विस्थापित प्यालेस्टाइनीहरू गाजामा आफ्नो घर फर्कन थालेको समाचार प्राप्त भएको छ।

IMD – Forecast

पश्चिमी वायुको प्रभावले आगामी ५ दिनसम्म पश्चिमी हिमाली भूभाग, जम्मू कश्मीर, हिमाचल प्रदेश र उत्तराखण्डमा वर्षा र हिमपातको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार आगामी तीन दिनसम्म भारतको उत्तरपश्चिमी क्षेत्रको न्यूनतम तापक्रममा २ देखि ३ डिग्री सेल्सियसले वृद्धि हुने सम्भावना छ । साथै, उत्तराखण्ड, पश्चिमी राजस्थान, मध्य प्रदेश, पञ्जाब, हरियाणा, उत्तर प्रदेश, पूर्वी राजस्थान, बिहार, ओडिशा, असम, मेघालय, नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरामा आगामी दुई दिनसम्म बाक्लो कुहिरो रहनेछ।

Kho – Kho

नयाँदिल्लीमा जारी खो-खो विश्वकपको फाइनलमा नेपालले आज भारतको पुरुष तथा महिला टोलीसँग प्रतिस्पर्धा गर्दैछ । महिला टोलीको खेल साँझ ६ बजे सुरु हुने बताइएको छ भने पुरुष टोलीको खेल साँझ पौने आठ बजे सुरु हुनेछ । भारतको पुरुष र महिला टोलीले हिजो भएको रोमाञ्चक सेमिफाइनलमा दक्षिण अफ्रिकालाई पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो । भारतीय

खो–खो महासंघका अध्यक्ष श्री सुधांशु मित्तलले खो–खो विश्वमा लोकप्रिय खेलको रुपमा फैलिरहेको उल्लेख गर्दै यसलाई निरन्तरता दिनुपर्ने बताउनुभयो।

## Australian Open Tennis

अष्ट्रेलियन ओपन टेनिसमा भारतका रोहन बोपन्ना र उनका चिनियाँ जोडी शुआई झाङ आज मिश्रित युगलको क्वार्टरफाइनलमा पुगेका छन्।

## ICC Women Cricket

मलेसियाको क्वालालम्पुरमा जारी आईसीसी अन्डर–19 महिला टी–२० क्रिकेटमा भारतले वेस्ट इन्डिजलाई ९ विकेटले पराजित गरेको छ। समूह 'ए' अन्तर्गत आज भएको अर्को खेलमा श्रीलंकाले आयोजक मलेसियालाई २३ रनमा अलआउट गर्दै १३९ रनले पराजित गरेको छ।

## Chess Championship

टाटा स्टिल चेस प्रतियोगितामा विश्व च्याम्पियन डी गुकेशले नेदरल्यान्ड्समा भएको खेलमा हल्याण्डका अनिश गिरीलाई पराजित गर्दै पहिलो चरणमा प्रवेश गरेका छन्। आज दोस्रो चरणको खेल हुँदैछ।

प्रमुख समाचार पुन: एकपटक

- वैज्ञानिकहरूको सहयोगमा अन्तरिक्ष प्रविधिको क्षेत्रमा नयाँ मापदण्डहरू स्थापित भइरहेको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भनाइ

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा एनडीआरएफको स्थापना दिवसको अवसरमा बहादुर कर्मचारीहरूको साहस, समर्पण र नि:स्वार्थ सेवाको प्रशंसा
- इजरायल र हमास बीचको अस्थायी युद्धविराम आज तीन घण्टा ढिलो सुरु
- डाक विभागले भारतीय संविधान लागू भएको ७५ वर्षको स्मरणमा भोलिदेखि नयाँ दिल्लीमा तीन दिने समारोह आयोजना गर्दै
- नयाँदिल्लीमा जारी खो-खो विश्वकपको फाइनलमा आज भारतका पुरुष तथा महिला टोलीले प्रतिस्पर्धा गर्दै
- अनि भारतका रोहन बोपन्ना र चीनका शुआई झङ अस्ट्रेलियन ओपन टेनिस प्रतियोगिताको मिश्रित युगलको क्वार्टरफाइनलमा पुग्न सफल

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।